# महालक्ष्मी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### ललितपुर, बागमती प्रदेश।

# साविक वडा नं. ८ को वडा कार्यालय भवन भत्काउन तथा सामग्री लिलाम बिक्रीको सिलबन्दी दरभाउपत्र पेश गर्नेबारेको सूचना

**प्रकाशित मिति : २०८३।०६।०६**

यस महालक्ष्मी नगरपालिका वडा नं. ८ स्थित साविक वडा नं. ८ को वडा कार्यालय भवन जे-जस्तो अवस्थामा छ सोही अवस्थामा तपसिलको सर्तको अधीनमा रही लिलाम बिक्री गरी भत्काउनु परेको हुँदा इच्छुक फर्मबाट रीतपूर्वकको ७ दिने सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

**सर्तहरू :**

१. भवनको न्यूनतम लिलाम मूल्य रु. २,७४,६७३।- (अक्षरुपी दुई लाख चौहत्तर हजार छ सय त्रिहत्तर रुपियाँ) मू.अ. कर बाहेक कायम गरिएको छ।

२. सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराम नगरपालिकाको निम्नानुसारको राजस्व खातामा रु. १,०००।- (अक्षरुपी एक हजार रुपियाँ मात्र) दाखिला गरेको सक्कल भौचर पेश गरी मिति २०८३/०६/१२ गतेसम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ।

**बैंकको नाम : NIC.Asia Bank Ltd., Gwarko, Lalitpur**

**खातावालाको नाम : Rajaswa Khata, GA.1.1, Mahalaxmi Nagarpalika**

**खाता नं. : 0262050029242002**

३. सिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशन भएको ८औँ दिन मिति २०८३/०६/१३ गते दिउँसो १२:०० बजेभित्र नगरपालिका कार्यालयमा पेश गर्नुपर्नेछ र सोही दिन दिउँसो १:३० बजे दरभाउपत्र पेश गर्ने फर्मको प्रतिनिधिको रोहवरमा नगरपालिका कार्यालयको बैठक हलमा पेश भएका सिलबन्दी दरभाउपत्र खोलिनेछ। दरभाउपत्र पेश गर्ने फर्मको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

४. सिलबन्दी दरभाउपत्र खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ।

५. रीतपूर्वक पेश भएका सिलबन्दी दरभाउपत्रमध्ये सबैभन्दा बढी लिलाम कबोल गर्ने फर्मको सिलबन्दी दरभाउपत्र स्वीकृत गरिनेछ। न्यूनतम लिलाम मूल्यभन्दा घटी हुने गरी पेश गरिएको सिलबन्दी दरभाउपत्र स्वीकृत गरिने छैन।

६. भवनको न्यूनतम लिलाम मूल्यको ५ प्रतिशत रकम यस नगरपालिकाको निम्नानुसारको धरौटी खातामा जम्मा गरेको सक्कल भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

**बैंकको नाम : NIC Asia Bank Ltd., Gwarko, Lalitpur**

**खातावालाको नाम : Dharauti Khata, GA. 3, Mahalaxmi Nagarpalika**

**खाता नं. : 26CA051889952407**

७. फर्मले आफ्नो आवश्यक कागजात (फर्म दर्ता, प्यान नं., इजाजत पत्र, ०८२/८३ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप गरिएको प्रमाणपत्र) लगायतको सम्बन्धित कागजात दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

८. स्वीकृत दरभाउपत्र वाला फर्मले लिलाम गरिएको भवन भत्काई त्यसका सबै सामग्री साइटबाट राम्रोसँग हटाउनुपर्नेछ। भत्काउने कार्य र भत्काए पछि निस्किएका सामग्री व्यवस्थापन सम्बन्धित फर्मले आफ्नै खर्चमा गर्नुपर्नेछ।

**प्रमुख प्रशासकीय अधिकृत**